नेपाल सरकार
# युवा, श्रम तथा रोजगार मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

विगत केही दिनयता विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा यस मन्त्रालयलाई समेत जोडी मलेशियामा श्रमिक पठाउनका लागि निश्चित वैदेशिक रोजगार व्यवसायीहरु (म्यानपावर) लाई फाइदा पुग्ने गरी सिन्डिकेट गराउने गरी चलखेल भएको भनी प्रकाशित समाचारहरुप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

मन्त्रालय सदैव वैदेशिक रोजगारलाई स्वच्छ, प्रतिस्पर्धी, पारदर्शी र श्रमिक मैत्री बनाउने विषयमा प्रतिवद्ध छ। कुनै पनि किसिमले प्रतिस्पर्धालाई सिमित तुल्याउने र सिमित व्यवसायीहरुको एकाधिकार हुन नदिन मन्त्रालय सदैव सचेत एवम् क्रियाशील रहेको छ। सोही अनुसार मौजुदा विभिन्न नीतिगत, कानुनी र प्रक्रियागत पक्षमा सुधार गर्दै सुचना प्रविधीको अधिकतम उपयोग गरी सेवाप्रवाहमा सुधारका कामहरु अघि बढाइरहेको वर्तमान सन्दर्भमा यसलाई ओझेल पार्ने र विषयान्तर हुने गरी यस किसिमका अफवाह र भ्रम फैलाउने कार्य गलत एवम् तथ्यमा आधारित नभएकोले सम्बद्ध सबैमा यस प्रकारका भ्रम एवम् अन्योलमा नपर्नका लागि मन्त्रालय अनुरोध गर्दछ। यस विषयमा सम्बन्धित देशबाट समेत कुनै किसिमको आधिकारिक जानकारी प्राप्त नभएको र मन्त्रालय वैदेशिक रोजगार व्यवसायलाई प्रतिस्पर्धी, पारदर्शी, व्यवसायिक बनाउन गन्तव्य मुलुकसँग कुटनीतिक पहल मार्फत वैदेशिक रोजगारलाई स्वच्छ, नैतिक तथा प्रतिस्पर्धी बनाउन प्रयत्नशील रहेको हुँदा यस कार्यमा सम्बद्ध सबै पक्षको सहयोग र सहकार्यको लागि मन्त्रालय अपेक्षा गर्दछ।

मितिः २०८३/०४/१८

नेपाल संवत् ११४६ दिल्लागा पञ्चमी

(पिताम्बर घिमिरे)
सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np